**१. नेपाली महिला नागरिक (बाबुको पहिचान नभएको हुन नसकेको) को सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र पाउनको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजात :-**

१. अनुसूची-१ बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,

२. आमाको नेपाली नागरिकताको प्रमाण पत्र, मृत्यु भएको भए VRSPMISबाट जारी भएको सक्कलै मृत्युदर्ता प्रमाण-पत्र,

३. निवेदकको VRSPMISबाट जारी भएको सक्कलै जन्मदर्ताको प्रमाण पत्र, (हस्तलिखित जन्मदर्ता भए स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेख अनुसार व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको अभिलेखको प्रतिलिपि)

४. आमा र एकासगोलका सबै सन्तानहरु विचको फोटो सहितको नाता प्रमाणित,

५. विद्यार्थीको हकमा शैक्षिक प्रमाणपत्र (विदेशी मुलुकवाट अध्ययन गरेको भए नेपाल सरकारवाट मान्यताप्राप्त निकायबाट व्यक्तिको नाममा गरिएको समकक्षता निर्धारण),

६. निवेदकको जन्म नेपालमा भई निरन्तर नेपालमा नै बसोवास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको भनी सम्बन्धित स्थानीयतहले गरिदिएको किटानी सिफारिस।

७. अनुसूची-४क, र अनुसूची ४ख बमोजिमको स्वघोषणा,

८. उद्धगमस्थान र गन्तव्य स्थानको बसाई सराइ दर्ता प्रमाण पत्र (ठेगाना परिवर्तन गरी नागरिकता लिन चाहेमा), VRSPMISमा प्रविष्ट गरेको बसाईसराई दर्ता प्रमाणपत्र,

९. निवेदकको आमाको होस ठेगान नरहेकोमा स्वीकृत चिकित्सकले गरेको सिफारिस।

१०. अनुसूची ३ र ४ बमोजिम सर्जमिन मुचुल्का।

११. रितपूर्वक प्राप्त निवेदन उपर तोकिएको प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु।

१२. जग्गाधनी दर्ता प्रमाणपुर्जा र घरधनी दर्ता प्रमाणपुर्जा, नक्सा पास वा अन्य सबुत प्रमाण, लालपुर्जा/ विद्युत/खानेपानी/भूमिहिनको निस्सा।

१३. यस कार्यालयबाट आवश्यकता अनुसार स्थलगत प्रहरी सर्जमिन मुचुल्का समेत गरिने हुँदा सो व्यहोरालाई पुष्टी गर्ने अन्य कागजातहरु (सम्भव भएसम्म स्थायी लेखा नं. प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र लगायतका अन्य कागजातहरु,)